निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

निर्वाचन आयोग नेपाल २०२३

मितिः २०८२/०५/१७

नेपाल संवत् ११४५, ञलाथ्व १० सोमबार

# प्रेस विज्ञप्ति

## निर्वाचन कार्यक्रम सम्बन्धमा

मनाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा सम्वत् २०८२ साल कात्तिक १७ गते हुने उपनिर्वाचनको लागि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम अनुसार मिति २०८२ असोज २१ गते बिहान १० बजेदेखि बेलुका १७ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुनेछ भने सोही दिन बेलुका १७ बजेदेखि १९ बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ।

उल्लिखित सूचीमा रहेका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि मिति २०८२ असोज २२ गते बिहान १० बजेदेखि दिउँसो १५ बजेसम्म हुनेछ भने सोही दिनको दिउँसो १५ बजेदेखि असोज २३ गते बेलुका १७ बजेसम्ममा मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय गरी असोज २३ गते बेलुका १७ बजेदेखि १९ बजेसम्ममा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

मिति २०८२ असोज २४ गते बिहान १० बजेदेखि दिउँसो १३ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १३ बजेदेखि १५ बजेसम्ममा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो १५ बजेदेखि १८ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने कार्यक्रम रहेको छ। निर्वाचन कार्यक्रम अनुसार मिति २०८२ कात्तिक १७ गते बिहान ७ बजेदेखि बेलुका १७ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन नपाउने कानूनी व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

नारायण प्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580

निर्वाचन आयोग, नेपाल

मनाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचन, २०८२

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम**

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०८२/०६/२१ | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय | प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित |
| २ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२/०६/२१ | | १७.०० | १९.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२/०६/२२ | | १०.०० | १५.०० | ऐ.ऐ. | |
| ४ | मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२/०६/२२ | २०८२/०६/२३ | १५.०० (मिति २०८२/६/२२) | १७.०० (मिति २०८२/६/२३) | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२/०६/२३ | | १७.०० | १९.०० | ऐ.ऐ. | प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०८२/०६/२४ | | १०.०० | १३.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२/०६/२४ | | १३.०० | १५.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२/०६/२४ | | १५.०० | १८.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०८२/०७/१७ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

- *संवत् २०७९ सालको निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन पाउने छैन।*
- *प्रचार प्रसार निषेध अवधि मतदान शुरु हुने दिनभन्दा ४८ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १४ गते राति १२.०० बजेदेखि लागू हुनेछ।*
- *सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भए पश्चात मतगणना कार्य प्रारम्भ गरिनेछ।*